नेपाल सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

पत्र संख्या:- बजेट-प्रशासन-२०८०/८१
च. नं.:-४४४

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०८०/१०/०८

**विषयः- त्रैमासिक संशोधन सम्बन्धमा।**

श्री सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
।

विभिन्न मन्त्रालय/निकायहरुबाट प्राप्त विभिन्न च.न.हरु र मितिका पत्रानुसार विभिन्न मन्त्रालय/निकायबाट गत आर्थिक वर्ष २०७९/८० मा सिर्जित भएको र सो आ.व. मा भुक्तानी हुन नसकेको रकम र चालु आ.व.२०८०/८१ मा पौष मसान्तसम्म सिर्जना भएको पूँजीगत प्रकृतिका खर्च भुक्तानी गर्ने प्रयोजनका लागि त्रैमासिक कार्यक्रम संशोधन तथा LMBIS स्वीकृतिका लागि लेखि आएकोमा तपसिल बमोजिम सम्वन्धित लेखा उत्तरदायी अधिकृत र सम्बद्ध अधिकारीबाटै दायित्व एकिन गरी प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम भुक्तानी गर्ने सम्वन्धमा यस मन्त्रालयको मिति २०८०/०७/०१ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार तेस्रो त्रैमासिक सम्म विनियोजित रकमबाट भुक्तानी दिने निर्णय भैसकेकोले चौथो त्रैमासिक सम्म विनियोजित रकमबाट भुक्तानी गर्ने सम्बन्धमा सिर्जित दायित्व एकीन गर्ने,औचित्य पुष्टि गर्ने,कार्य प्रगति सुनिश्चितता गर्ने, जिम्मेवारी एवं आवश्यकता र जवाफदेहिता सम्बन्धित लेखाउत्तरदायी अधिकृत र सम्बद्ध पदाधिकारी रहने गरी देहाय बमोजिम मिति २०८०/१०/०७ को (माननीय मन्त्रीस्तर) निर्णयानुसार नीतिगत निर्णय भएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

१. आ.व.२०८०/०८१ बजेटरी सहायता अन्तर्गत (IDA/DPC-FISC, ADB/PBL-PFM, IMF/ECF, IDA/DPC-F4G) चौथो त्रैमासिक सम्म विनियोजित रकमका सम्बन्धमा आ.व. २०८०/०८१ मा वैदेशिक स्रोत समावेश भएका योजनाको निकासा फुकुवा सम्बन्धी आन्तरिक कार्यविधि को अधीनमा रही चौथो त्रैमासिक सम्म स्रोतको फुकुवा गर्ने ।
२. आ.व.२०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रममा समेत विनियोजन भएको र गत आ.व. २०७९।८० मा प्रचलित कानुन, स्वीकृत मापदण्ड बमोजिम विधि सम्मत खर्च भई खर्च शीर्षक ३११५१-सडक तथा पूल निर्माण, ३११५२-रेलमार्ग तथा हवाई मैदान निर्माण, ३११५४-तटबन्ध तथा बाँध निर्माण, ३११५५-सिंचाई संरचना निर्माण, ३११५६- खानेपानी संरचना निर्माण, ३११५८-सरसफाई संरचना निर्माण, ३११५९-अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व कोष तथा लेखा नियन्त्रक कार्यालयबाट म. ले. प. फा. नं. २२१ भरी प्रमाणित भएको रकमको भुक्तानी दिने हकमा जुनसुकै त्रैमासिक विनियोजन भएको रकमबाट भुक्तानी गर्ने।
३. चालु आ.व. २०८०।८१ पौष मसान्त सम्म प्रचलित कानुन, स्वीकृत मापदण्ड बमोजिम विधि सम्मत कार्य सम्पन्न भई सिर्जित दायित्व भुक्तानीको हकमा चौथो त्रैमासिक सम्म विनियोजन भएको रकमबाट भुक्तानी गर्ने।

१०।०८

(बुद्धि प्रसाद पन्त)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np